



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २५८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १६ गते शुक्रबार ❑ 2 Oct. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## फिर्के खोलाको खोलाघरभित्रका संरचना हटाउन थालियो

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज

पोखरा महानगरपालिकाले अधेरीकुनादेखि फेवातालसम्म बजारको मध्य भाग भएर बग्ने फिर्के खोलाको खोलाघरभित्र निर्माण गरिएका संरचना हटाउने कार्य पुनः थालिएको गरेको छ।

फिर्के खोलाको खोलाघरभित्र निर्माण भएका संरचना सम्बन्धित व्यक्ति तथा संस्थाले आफैँ हटाउने भनी महानगरपालिका समक्ष मौखिक सहमति जनाए पनि सहमतिअनुसार संरचना नहटाएपछि महानगरपालिकाले आजदेखि हटाउने कार्य अगाडि बढाएको हो।

महानगरपालिकाले फिर्के खोलाको संरक्षण, विकास तथा सम्वर्द्धन गर्दै वातावरण तथा पर्यावरणमैत्री पोखरा निर्माण गर्ने अभियानअन्तर्गत गत जेठ १० गतेदेखि खोलाघरभित्रका संरचना हटाउने कार्य अघि बढाएको थियो। केही संरचना हटाएपछि स्थानीयको आग्रहमा हटाउनका लागि थप समय दिइएको थियो। तर यसबीचमा संरचना पूर्ण रुपमा नहटेपछि महानगरले अतिक्रमण हटाउन पुनः सुरु गरेको जनाएको छ। महानगरले गरेको नाप जाँच अनुसार फिर्केमा स्थायी र अस्थायी गरी १६० संरचना छन्।



फिर्के खोलाको प्राकृतिक बहाव कायम राख्दै यसको संरक्षण र व्यवस्थापनमार्फत पोखराको वातावरणीय सौन्दर्य तथा पर्यावरणीय सन्तुलन कायम गर्न महानगरपालिकाले संरचना हटाउने कार्यलाई निरन्तरता दिएको महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो। उहाँका अनुसार फिर्केखोलाको प्राकृतिक बहाव क्षेत्रभित्र रहेका संरचना हटाउने विषयमा लामो कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी अदालतकोआदेशसमेतपर्खिएपछि महानगरपालिकाले संरचना हटाउने कार्य अघि बढाएको हो। "महानगरपालिकाले यसअघि केही संरचना हटाएपछि सम्बन्धित घरधनी तथा सङ्घ-संस्थाहरूले आफैँ संरचना हटाउन समय उपलब्ध गराइदिन अनुरोध गर्नुभएको थियो। सोहीअनुसार निश्चित समयसीमा तोकेर आफैँ संरचना हटाउने अवसर दिइएको थियो। तोकिएको समय सीमा तथा थप गरिएको समयसँगै भोटेकोशीमा गएको बाढी र वर्षायामलाई समेत मध्यनजर गरी अतिरिक्त समय उपलब्ध गराउँदा पनि कतिपय संरचना नहटाइएपछि महानगरपालिकाले माइकिङमार्फत सूचना जारी गरेको थियो", प्रमुख आचार्यले भन्नुभयो।

फिर्केखोलाको प्राकृतिक बहाव क्षेत्र संरक्षण, बाढी तथा डुबानको जोखिम न्यूनीकरण र सुरक्षित तथा व्यवस्थित पोखरा निर्माणका लागि संरचना हटाउने अभियान अघि बढाइएको उहाँले बताउनुभयो। फिर्केका खोलाघरभित्रका संरचना हटाउन ढिलाइ भएपछि नागरिक समाजले निरन्तर महानगरको ध्यानाकर्षण गराउँदै आएको थियो।

नागरिक अभियन्ता रामबहादुर पौडेलले फिर्केको खोलाघरमा निर्मित बाँकी संरचना खाली गर्ने अभियान सुरु भएकामा खुशी व्यक्त गर्नुभयो। "खोलाघरमा बनेका संरचना पूर्ण खाली गरेलगत्तै दोस्रो चरणमा मुआब्जा वितरण र दायाँवायाँ फुटट्र्याक र साइकल लेन सहित करिडोर निर्माणमा महानगरले काम गर्नुपर्छ," अभियन्ता पौडेलले भन्नुभयो। साबिक ग्यारजातीपछि सराङकोट हुँदै हाल पोखरा महानगरपालिका-१८, २ ,४, ५, ७, ८, ६ र १७ भएर फेवातालमा मिसिने फिर्के खोलाको कूल लम्बाइ आठ किलोमिटर रहेको छ। यो खोला कम्तीमा ३.३० मिटरदेखि बढीमा ४० मिटरसम्म फराकिलो रहेको नाप जाँचका क्रममा पाइएको छ। फिर्केखोलाको प्राविधिक नाप जाँचपछि यकिन गरिएको खोला घरको पश्चिमतर्फ ३०३ र पूर्वतर्फ २८५ वटा सीमा स्तम्भ गाडिएका छन्।

## अब पोखरामा प्रायः सबै सार्वजनिक सवारी विद्युतीय बनाउने तयारी

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज

पोखरामा सञ्चालन हुँदै आएका सार्वजनिक सवारीसाधनलाई क्रमशः विस्थापन गर्दै विद्युतीय सवार ीसाधन (ईभी) सञ्चालनमा ल्याउने तयारी गरिएको छ।

पोखरा महानगरपालिकाले यातायात व्यवसायीसँगको सहकार्यमा सार्वजनिक यातायातलाई वातावरणमैत्री र मास ट्रान्सपोर्टको अवधारणा अनुसार सञ्चालन गर्ने तयारी अघि बढाएको हो। पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले केही समयपछि पोखरामा विद्युतीय सवारीसाधन मात्रै सञ्चालन गर्ने तयारी भइरहेको जानकारी दिनुभएको छ। सार्वजनिक कार्यक्रममा बोल्दै उहाँले हाल सञ्चालनमा रहेका माइक्रो बसलाई क्रमशः विस्थापन गरी विद्युतीय बस सञ्चालनमा ल्याउने तयारी भइरहेको बताउनुभयो। यद्यपि, ईभी सवारी सञ्चालनमा ल्याउने निश्चित मिति भने उहाँले सार्वजनिक गर्नुभएन।

मेयर आचार्यका अनुसार हाल पोखरामा सञ्चालनमा रहेका ७३२ माइक्रो बसलाई क्रमशः प्रतिस्थापन गर्दै सार्वजनिक यातायातमा २३२ वटा विद्युतीय बस सञ्चालन गर्ने तयारी गरिएको छ। पोखरालाई एकपटक आएर फर्किनेभन्दा बारम्बार आउन चाहने पर्यटकीय गन्तव्यका रूपमा ब्रान्डिङ गर्नुपर्नेमा जोड दिँदै मेयर आचार्यले पर्यटन क्षेत्रमा मार्केटिङ र लगानी बढाउनुपर्ने बताउनुभयो।

यसैबीच, पोखरा यातायात प्रालिले पनि आफ्ना हाल सञ्चालनमा रहेका सवार ीसाधनलाई क्रमशः विद्युतीय सवारीसाधनले प्रतिस्थापन गर्ने तयारी अघि बढाएको छ। पोखरा यातायात प्रालिका अध्यक्ष देउप्रसाद गुरुङका अनुसार हाल सञ्चालनमा रहेका करिब ३५० सवारीसाधनमध्ये २ ९८ वटा विद्युतीय सवारीसाधन सञ्चालनमा ल्याउने तयारी भइरहेको छ। यसका लागि साना तथा ठूला विद्युतीय बस खरिद गर्ने योजना बनाइएको उहाँले बताउनुभयो। गुरुङका अनुसार २६ देखि ३७ सिट क्षमताका ठूला विद्युतीय बस तथा १६ देखि १७ सिट क्षमताका साना विद्युतीय सवारीसाधन सञ्चालनमा ल्याउने तयारी छ। ग्रामीण तथा साँघुरा सडकमा साना क्षमताका र मुख्य बजार क्षेत्रमा ठूला क्षमताका विद्युतीय बस सञ्चालन गर्ने योजना रहेको उहाँले बताउनुभयो।

विद्युतीय सवारी खरिदका लागि ठूलो लगानी आवश्यक पर्ने भएकाले व्यवसायीलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउनुपर्नेमा पनि यातायात व्यवसायीले जोड दिएका छन्। गुरुङका अनुसार साना विद्युतीय बसको मूल्य करिब ७० देखि ८० लाख रुपैयाँ तथा ठूला बसको मूल्य करिब १ करोडदेखि १ करोड ५० लाख रुपैयाँसम्म पर्ने अनुमान छ। विद्युतीय सवारी खरिदका लागि एसियाली विकास बैंक (एडीबी) तथा अन्य दातृ निकायबाट सहुलियतपूर्ण ऋण उपलब्ध गराउने विषयमा छलफल भइरहेको उहाँले बताउनुभयो। एडीबीबाट सहयोग उपलब्ध भएमा करिब २ देखि ३ प्रतिशतसम्मको सहुलियत ब्याजदरमा कर्जा प्राप्त हुनसक्ने उहाँको भनाइ छ। पोखरा पर्यटनको राजधानी घोषणा भइसकेको अवस्थामा सार्वजनिक यातायातलाई पनि पर्यटनमैत्री, वातावरणमैत्री र व्यवस्थित बनाउनुपर्ने गुरुङले बताउनुभयो। "पुराना सवार ीसाधन विस्थापन गरेर विद्युतीय सवारीमा ठूलो लगानी गर्ने तयारीमा छौँ। यो लगानी सुरक्षित र दिगो बनाउन स्थानीय तह र प्रदेश सरकारको विशेष सहयोग आवश्यक छ," गुरुङले भन्नुभयो। पोखरामा पोखरा यातायात प्रालिसँगै पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनीलगायत अन्य यातायात कम्पनीहरू समेत सञ्चालनमा छन्। महानगरपालिका, प्रदेश सरकार र यातायात व्यवसायीबीच आवश्यक सहकार्य हुन सके पोखराको सार्वजनिक यातायातलाई क्रमशः विद्युतीय प्रणालीमा रूपान्तरण गर्न सकिने व्यवसायीहरूको अपेक्षा छ।

यससँगै पोखरामा पेट्रोलियम इन्धनमा निर्भर सार्वजनिक यातायातलाई क्रमशः विद्युतीय सवारीसाधनमा रूपान्तरण गर्ने तयारीले गति लिने देखिएको छ। महानगरको योजना र यातायात व्यवसायीको लगानी अघि बढेमा आगामी दिनमा पोखराका मुख्य बजार क्षेत्रदेखि ग्रामीण रुटसम्म ईभी सार्वजनिक यातायातको विस्तार हुने अपेक्षा गरिएको छ। पोखरा यातायात प्रालिले एक बर्ष अघिदेखि ३२ सिट क्षमताका अत्याधुनिक इलेक्ट्रिक बस मार्फत सेवा सुरु गरेको थियो।

## हिम्लुङ हिमपहिरोमा थप आठ जनाको शव भेटियो

पोखरापत्र संवाददाता
मनाङ, १५ असोज

मनाङको नार्पाभूमि गाउँपालिका-५ स्थित हिम्लुङ हिमालमा गएको हिमपहिरोमा हराइरहेकामध्ये बिहीबार थप आठ जनाको शव भेटिएको छ।

यही असोज ११ गते गएको हिमपहिरोमा परी ज्यान गुमाउने आरोहीको संख्या १५ पुगेको छ। आज बिहान चार जनाको शव भेटिएकामा आजै दिउँसो थप चार जनाको शव भेटिएको सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। यसअघि सात जनाको शव भेटिएको थियो। हिम्लुङ हिमपहिरोमा परेर अझै एक जना हराइरहेका छन्। "दुई जनाको शव सदरमुकाम चामे ल्याइएको छ, छ शव फूगाउँसम्म ल्याइएको छ", सहायक प्रमुख जिल्ला अधिकारी पौडेलले भन्नुभयो, "रात परिसकेकाले हेलिकप्टर उडान हुन सक्दैन। शुक्रबार अरु शव ल्याउँछौँ।" नेपाली सेनाको हेलिकप्टरमार्फत आज ती शव ल्याइएको हो। यसैगरी नेपाली सेनाको टोलीले स्थानीय तथा अन्य सुरक्षा निकायसँगको समन्वयमा चामे गाउँपालिका-४ स्थित ठाडो खोलामा पहिरोका कारण थुनिएको मर्स्याङ्दी नदीको बहाव खुलाउने तथा अवरुद्ध विद्युत् प्रसारण लाइन सुचारु गर्ने कार्य पनि गरिरहेको छ।

हिमालको आधार शिविरमा यही असोज ११ गते बिहान हिमपहिरो गएको थियो। उक्त क्षेत्रमा नेपाल नेशनल माउन्टेन गाइड एसोसिएशन (एनएनएमजीए)ले खोज तथा उद्धारका लागि ११ सदस्यीय उद्धार दक्ष टोली खटाएको छ।


## हुलाक सेवा: नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रूपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## कोरला सडक अवरुद्ध हुँदा भन्सारमा १५० बढी कन्टेनर रोकिए

पोखरापत्र संवाददाता
मुस्ताङ, १५ असोज

भारी वर्षाका कारण राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडकको ठाउँठाउँमा सडक अवरुद्ध हुँदा भएपछि चीनबाट पैठारी गरिएका मालसामानसहितका कन्टेनर कोरलानाकास्थित लोमान्थाङ गाउँपालिका-४ न्हेचुङ भन्सारमा रोकिएका छन्।

गत शनिबार रातिदेखि परेको भारी वर्षाका कारण बेनी-जोमसोम-कोरला खण्डको ४६ स्थानमा बाढीपहिरो र नदी कटानले क्षति पुऱ्याएपछि उत्तरी कोरलानाकाबाट हुने निकासी तथा पैठारी व्यापार पूर्ण रूपमा प्रभावित बनेको हो।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार कोरलानाकाबाट नेपाल भित्रिएका मालसामान राखिएका कन्टेनर भन्सार जाँचपास भइसके पनि सडक अवरुद्ध हुँदा गन्तव्यतर्फ प्रस्थान गर्न नसकी रोकिएको जानकारी दिनुभयो।

"कोरलानाकास्थित भन्सार यार्ड क्षेत्रमा १५० बढी कन्टेनर छन्। तीमध्ये ९० प्रतिशतको भन्सार जाँचपास प्रक्रिया पूरा भइसकेको छ," भन्सार प्रमुख चुडालले भन्नुभयो, "भन्सारमा केही कन्टेनर जाँचपास प्रक्रियामा छन्, त्यो पनि अबको दुईदिन


बाँकी अन्तिम पृष्ठमा ▶▶




# बेगनासमा कार्तिक १३ देखि २३ गतेसम्म छैटौं माछा महोत्सव हुँने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

पोखरा महानगरपालिका-३१ स्थित बेगनासतालमा आगामी कार्तिक दोस्रो साता छैटौं बेगनास माछा महोत्सव (फिस फेस्टिबल)-२०८३ हुने भएको छ।

होटल तथा रेष्टुरेन्ट एसोसियसन लेखनाथको आयोजनामा कार्तिक १३ देखि २३ गतेसम्म उक्त महोत्सव हुने भएको एसोसियसनका अध्यक्ष सुरेश लामिछानेले बताउनु भयो। बेगनास ताल सहित लेखनाथ क्षेत्रका पर्यटकीय गन्तव्यलाई राष्ट्रिय तथा अन्तर ष्ट्रियस्तरमा चिनाउँदै आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्नु रहेको उहाँले जनाउनु भयो। बेगनास क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, तालतलैया तथा धार्मिक एवं सांस्कृतिक सम्पदाले सम्पन्न भएकाले पर्यटनको ठूलो सम्भावना बोकेको क्षेत्र रहेको अध्यक्ष लामिछानेले जनाउनु भयो। "बेगनासताल र आसपासका पर्यटकीय गन्तव्यलाई चिनाउँदै यस क्षेत्रलाई आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य बनाउने हाम्रो मुख्य उद्देश्य हो। पर्यटन व्यवसायलाई यस क्षेत्रको प्रमुख आर्थिक स्रोतका रूपमा विकास गर्दै स्थानीयस्तरमा रोजगारी र आयआर्जनका अवसर बढाउन महोत्सवले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएका छौं," अध्यक्ष लामिछानेले बताउनुभयो। उहाँका अनुसार होटल तथा रेष्टुरेन्ट एसोसियसन लेखनाथले विगतदेखि नै यस क्षेत्रको पर्यटन प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै फिस फेस्टिबल, ड्रागन बोट रेस, हाइकिङ, मौलिक ढुंगा दौड लगायतका गतिविधि सञ्चालन गर्दै आएको छ। यस्ता कार्यक्रमले बेगनास र लेखनाथ क्षेत्रको पर्यटनमा थप आकर्षण बढाउँदै आएको उहाँको भनाइ छ। महोत्सवमा बेगनासतालको माछा तथा स्थानीय उत्पादनको प्रवर्द्धनसँगै पर्यटनसँग सम्बन्धित विभिन्न गतिविधि सञ्चालन गरिने आयोजकले जनाएको छ। स्थानीय होटल तथा रेष्टुरेन्ट व्यवसाय, मत्स्य व्यवसाय, कृषि, हस्तकला तथा स्थानीय उत्पादनलाई समेत महोत्सवसँग जोडेर आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य राखिएको छ। आयोजकका अनुसार बेगनासताल धार्मिक पर्यटन व्यवस्थापन समिति, बेगनासताल बराह महाआरति व्यवस्थापन समिति, जलेश्वर शिव मन्दिर व्यवस्थापन समिति, बेगनासताल मत्स्य व्यवसाय समिति, विभिन्न आमा समूह, टोल विकास संस्था, सहकारी तथा स्थानीय संघसंस्थाको सहकार्यमा महोत्सव आयोजना गरिनेछ।

महोत्सवका माध्यमबाट बेगनासतालसँगै रुपाताल, दिपाङ्गताल, मैदीताल, विभिन्न धार्मिकस्थल तथा आसपासका पर्यटकीय क्षेत्रलाई समेत पर्यटनको एउटै गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने आयोजकको तयारी छ। अध्यक्ष लामिछानेले महोत्सवलाई केवल मनोरञ्जनात्मक कार्यक्रमका रूपमा नभई स्थानीय पर्यटन, व्यवसाय र रोजगारी प्रवर्द्धन गर्ने अभियानका रूपमा अघि बढाउन खोजिएको बताउनुभयो। "स्थानीयको सहभागिता र निजी क्षेत्रको सहकार्यबिना पर्यटन विकास सम्भव हुँदैन। महोत्सवले स्थानीय उत्पादनको बजार विस्तार गर्नुका साथै होटल, रेष्टुरेन्ट, मत्स्य व्यवसाय र अन्य पर्यटन व्यवसायमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरेका छौं," उहाँले भन्नुभयो। महोत्सवलाई नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश, पोखरा महानगरपालिका, उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेश, पोखरा महानगरपालिका-३१ लगायत विभिन्न संघसंस्था, कम्पनी, व्यवसायी तथा स्थानीयको सहयोग र सहकार्यमा हुने तयारी गरिएको आयोजकले जनाएको छ।

# क्यान-११ सँग पनि भुटान पराजित, विपिन खत्रीको अर्धशतकसँगै उत्कृष्ट बलिङ

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज

नेपाल भ्रमणमा रहेको भुटानी राष्ट्रिय क्रिकेट टोली नेपाल क्रिकेट संघ (क्यान) ११ संग पनि पराजित भएको छ।

आईसीसी पुरुष टी-२० विश्वकप एसिया सब-रिजनल क्वालिफायर 'ए' को तयारीका लागि पोखरा आएको भुटानी टोली गण्डकी क्रिकेट संघसंग लगातार दुई खेलमा पराजित भएसँगै आज क्यान ११ संग पनि १३ रनले पराजित भएको हो।

पोखरामा बिहीबार सम्पन्न रोमाञ्चक टी-२० अभ्यास खेलमा क्यान-११ ले दिएको १२४ रनको लक्ष्य पछ्याएको भुटानले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ११० रनमा सीमित हुन पुग्यो। अन्तिम ओभरसम्म प्रतिस्पर्धात्मक बनेको खेलमा क्यान-११ ले दबाबमा संयमित प्रदर्शन गर्दै जित आफ्नो पक्षमा पार्न सफल भयो। भुटानका लागि नाम्गे थिन्लेले सर्वाधिक २९ रन जोड्नु भयो क्यान-११ का बलरमध्ये विपिन शर्माले उत्कृष्ट बलिङ गर्दै ३ विकेट लिनु भएको हो। विपिन खत्री र युवराज खत्रीले समान २-२ विकेट लिनुभयो। यसअघि टस जितेर पहिले ब्याटिङ गरेको क्यान-११ ले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १२३ रनको योगफल तयार पार्‍यो। कप्तान विपिन खत्रीले आक्रामक अर्धशतकीय पारी खेल्दै ३६ बलमा ५ चौका र ४ छक्काको मद्दतले ५२ रनको योगदान दिनुभयो। ओपनर अर्जुन कुमालले २१ बलमा २ चौका र १ छक्कासहित २५ रनको योगदान दिनुभयो। बलिङ र ब्याटिङ दुवैतर्फ प्रभावशाली प्रदर्शन गरेका विपिन खत्री प्लेयर अफ द म्याच घोषित हुन सफल हुनु भयो। नेपाल भ्रमणमा रहेको भुटानी टोलीको यो चार अभ्यास खेलमध्ये तेस्रो खेल हो। यसअघि भुटानले घरेलु टोली गण्डकीसँग खेलेका दुवै अभ्यास खेलमा पराजय बेहोरेको थियो।

क्यान-११ विरुद्धको बिहीबारको खेल दुई टोलीबीचको पहिलो अभ्यास खेल हो। भुटान र क्यान-११ बीचको अन्तिम अभ्यास खेल शुक्रबार पोखरामै हुने गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष संजयकान्त सिग्देलले बताउनु भयो।

# गणेश तथा भद्रकाली मन्दिरद्वारा बाढीपीडितलाई एक लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज



पोखरा महानगरपालिका वडा नं १२/१३ स्थित श्री गणेश तथा भद्रकाली मन्दिर सेवा समितिले रसुवा, नुवाकोट, धादिङलगायतका बाढीपीडितका लागि एक लाख रुपैयाँ सहयोग गरेको छ।

समितिले बुधबार उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो। विपद्को घडीमा प्रभावित समुदायलाई राहत पुगोस् भन्ने उद्देश्यले सहयोग रकम कोषमा जम्मा गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले बताए। सामाजिक उत्तरदायित्वलाई आत्मसात् गर्दै समितिले जम्मा गरेको रकमको भौचर मन्दिर सेवा समिति परिवारले कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई हस्तान्तरण गरिएको हो। विपद्का बेला पीडितको पीडामा साथ दिन समितिले गरेको सहयोग प्रशंसनीय रहेको प्रमुख जिल्ला अधिकारी गुरुङले बताए।

# अन्नपूर्ण आधार शिविरबाट जलवायु न्यायको आवाज

**पोखरापत्र संवाददाता**
पोखरा, १५ असोज



कास्कीको अन्नपूर्ण गाउँपालिकाले विश्वप्रसिद्ध अन्नपूर्ण आधार शिविर (एबिसी) बाट जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बढ्दै गएको जोखिम र त्यसको न्यायोचित सम्बोधनका लागि आवाज उठाएको छ।

यस वर्षको मनसुनमा बाढी, पहिरो र नदी कटानबाट ठूलो क्षति व्यहोरेको गाउँपालिकाले चार हजार १३० मिटर उचाइमा रहेको हिमाली तथा पर्यटकीय गन्तव्य एबिसीमा बुधबार गाउँ कार्यपालिकाको विशेष बैठक बसेको थियो। जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा देखिएका समस्या, जलवायु न्याय, हिमाली क्षेत्रको संरक्षण तथा स्थानीय समुदायको उत्थानशीलताका विषयमा ध्यानाकर्षण गराउन विशेष बैठक आयोजना गरिएको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले जानकारी दिनुभयो। अन्नपूर्णको मोदीखोला र किम्रुङ खोलामा गत साउन र भदौ महिनामा पटकपटक आएको बाढीले होटल, सडकलगायतका पूर्वाधारमा क्षति पुऱ्याएको छ भने बिरेठाँटी र स्याउली बजार जोखिममा परेका छन्। बाढीले पक्की सडक बगाएपछि पर्यटकीय गाउँ घान्द्रुकको पोखरासँगको सिधा सडक सम्पर्क ४० दिनसम्म टुटेको थियो। विपद्‌बाट गाउँपालिकाले व्यहोरेको क्षतिको पूर्ण विवरण अझै सङ्कलन हुन सकेको छैन। "यस वर्षको मनसुनमा अन्नपूर्ण गाउँपालिका बाढी, पहिरो तथा नदी कटानबाट प्रभावित बन्यो। विशेषगरी मोदीखोलाको कटानले गाउँपालिकाका विभिन्न क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ। जलवायु परिवर्तनका कारण स्थानीय पूर्वाधार, कृषि, आवतजावत, पर्यटन तथा स्थानीय समुदायको जनजीवनमा परेको असरका बारेमा एबिसीबाट ध्यानाकर्षण गराएका हौं," गाउँपालिका अध्यक्ष केसीले भन्नुभयो। उहाँका अनुसार अन्नपूर्ण क्षेत्र जलवायु परिवर्तनका प्रभाव प्रत्यक्ष रूपमा अनुभव गरिरहेको संवेदनशील हिमाली भूभाग हो। पछिल्ला वर्षमा तापक्रम वृद्धि तथा वर्षाको स्वरूपमा आएको परिवर्तनले हिमाली पारिस्थितिक प्रणाली, जैविक विविधता, हिमाल तथा हिमनदी, जलस्रोत, कृषि र स्थानीय जीविकोपार्जनमा चुनौती थपिएको उहाँले बताउनुभयो। जलवायु परिवर्तनका कारण बाढी, पहिरो, नदी कटान तथा अतिवृष्टिजस्ता जोखिम बढ्दै जाँदा त्यसको सामना स्थानीय तहको प्रयासबाट मात्र सम्भव नहुने गाउँपालिकाको निष्कर्ष छ।

यसका लागि सङ्घ तथा प्रदेश सरकारबाट आवश्यक नीति, प्राविधिक सहयोग, पर्याप्त बजेट, जलवायु वित्तमा पहुँच, अनुसन्धान तथा अन्तरसरकारी समन्वय आवश्यक रहेको बैठकले औँल्याएको छ। अध्यक्ष केसीले अन्नपूर्ण आधार शिविरबाट उठाइएको जलवायु न्यायको आवाज अन्नपूर्ण क्षेत्रको मात्र नभई हिमाल, हिमाली समुदाय, जैविक विविधता, जलस्रोत तथा समग्र जलवायु संरक्षणसँग जोडिएको विषय भएको बताउनुभयो। बैठकले अन्नपूर्ण गाउँपालिकाको जलवायु परिवर्तन तथा विपद् जोखिमको समग्र अवस्था, उपलब्ध तथ्याङ्क तथा राष्ट्रिय-अन्तरराष्ट्रिय प्राथमिकताको समीक्षा गर्दै अन्नपूर्ण जलवायु उत्थानशीलता कार्ययोजना तयार गरी गाउँपालिकाको नीति, योजना तथा बजेट प्रक्रियामा समावेश गर्ने निर्णय गरेको गाउँपालिका प्रवक्ता भरतमान गुरुङले जानकारी दिनुभयो। त्यसैगरी, गाउँपालिकाका ११ वटै वडाको जलवायु जोखिम तथा संवेदनशीलता नक्सा तयार गरी जोखिम संवेदनशील योजना निर्माण तथा भू-उपयोग व्यवस्थापनमा प्रयोग गर्ने निर्णय गरिएको छ।

वर्षा, नदीको बहाव, पहिरोलगायत जलवायुजन्य जोखिमको पूर्वसूचना तथा आपत्कालीन सञ्चारलाई प्रभावकारी बनाउन स्थानीय पूर्वसूचना तथा आपत्कालीन सञ्चार प्रणाली विकासका लागि आवश्यक अध्ययन, साझेदारी तथा बजेट व्यवस्थापन गर्ने निर्णय पनि बैठकले गरेको प्रवक्ता गुरुङले बताउनुभयो। बैठकले सडक, पुल, पदमार्ग, खानेपानी, विद्यालय, स्वास्थ्य संस्थालगायत सार्वजनिक पूर्वाधार निर्माण तथा व्यवस्थापनमा जलवायु तथा विपद् जोखिमलाई ध्यानमा राख्दै जलवायु उत्थानशील पूर्वाधार मापदण्ड तथा जोखिम परीक्षण प्रणाली विकास गर्ने निर्णय गरेको छ। त्यस्तै, जलवायुजन्य विपद्‌का कारण हुने क्षति तथा नोक्सानीको नियमित अभिलेख राख्ने तथा विपद्, पूर्वाधार, जलवायु र पर्यटनसम्बन्धी उपलब्ध तथ्याङ्क कलाई क्रमशः एकीकृत गर्ने निर्णय बैठकले गरेको छ।

# कोरला ...

भित्र सकिन्छ।" तातोपानी नाका र रसुवागढी नाका पूर्ण रूपमा बन्द भएपछि एक मात्रै वैकल्पिक मार्ग बनेको कोरलानाका पनि वर्षाका कारण प्रभावित बनेको उहाँले बताउनुभयो।

भारी वर्षा अघि मालसामान ढुवानी गर्न कोरलानाका पुगेका मालवाहक कन्टेनर भन्सार जाँचपास प्रक्रिया सकेपनि सडक अवरुद्ध भएकाले गन्तव्यतर्फ प्रस्थान गर्न नसकी यार्ड क्षेत्रमा रोकिएका प्रमुख चुडालले जानकारी दिनुभयो। "सडक अवरुद्ध भएकाले नयाँ कन्टेनर थपिएका छैनन्," उहाँले भन्नुभयो, "चीनबाट मालवस्तु पैठारी गरिएका कन्टेनर पनि सडकको अवस्थाले गर्दा तल भर्न सकिरहेका छैनन्।" चीनबाट दसैँतिहार लक्षित मालवस्तु पैठारी गर्ने याममा बाढीपहिरो र नदी कटानले सडक अवरुद्ध हुँदा राजस्व सङ्कलनमा राज्यले घाटा व्यहोर्नु पर्ने अवस्था सृजना भएको प्रमुख चुडालले बताउनुभयो। उहाँका अनुसार गत भदौ १० गते रसुवागढी-केरुङ नाका बाढीका कारण पूर्ण रूपमा बन्द हुँदा कोरलानाकास्थित मुस्ताङ भन्सार कार्यालयले दैनिक रु ३० करोड बढी राजस्व सङ्कलन गर्दै आइरहेको थियो।

भन्सार कार्यालयका अनुसार कोरलानाकाबाट दसैँ लक्षित तयारी सामान, औद्योगिक कच्चापदार्थ, दैनिक उपभोग्य वस्तु, फलफूल, विद्युतीय सामान, लत्ता कपडालगायत विद्युतीय सवारीसाधन नेपाल भित्रिने गर्दछन्।

यसैगरी, कोरला खण्ड अवरुद्ध हुँदा करिब २०० विद्युतीय सवारीसाधन गन्तव्यतर्फ प्रस्थान गर्न नसकी रोकिएका छन्। तीमध्ये १०० बढी सवारी पाँच दिनदेखि जोमसोमबाट तल भर्न नसकी जोमसोम बसपार्कमा रोकिएका सशस्त्र प्रहरी बल ३३ नं गुल्म जोमसोमले जनाएको छ।

# पहिरोले बेनी बजारका १२ घरमा क्षति

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ असोज

जिल्ला सदरमुकाम बेनी बजार पछाडि रहेको पाखोबाट गएराति र बिहीबार बिहान खसेको पहिरोले १२ घरमा क्षति पुऱ्याएको छ। कालीगण्डकी र म्याग्दी नदीको दोभानमा रहेको बेनी नगरपालिका-८ को न्युरोमा खोरियाको पाखोबाट पहिरो खसेर १२ घरमा क्षति पुऱ्याएको हो।

छ वटा घरभित्र पहिरोसँगैको लेदो पसेर बस्न नमिल्ने भएका छन् भने छ घरमा आंशिक क्षति पुगेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिनुभयो। "बुधबार दिउँसोदेखि आज बिहानसम्म तीन पटक पहिरो खसेको छ। पाखोमा रहेका मुहानबाट बगेको भूमिगत पानीसँगै खसेको पहिरोबाट जोखिममा रहेका नागरिकलाई सुरक्षित ठाउँमा सारिएको छ", उहाँले भन्नुभयो, "थप क्षति हुन नदिनका लागि प्राविधिक टोलीको अध्ययनसँगै पहिरो पन्छाउने र पानी तर्काउने काममा जुटेका छौं।" बेनीको न्युरोका बासिन्दाले गएराति घर छाडेका थिए। कृषि विकास बैङ्क र ग्लोबल आइएमई बैङ्कको शाखा कार्यालयका महत्वपूर्ण सामग्री र कागजपत्र पनि सुरक्षित ठाउँमा सारिएको नगरप्रमुख केसीले जानकारी दिनुभयो। बिहानदेखि नेपाली सेना, नेपाल प्रहरी र सुरक्षाकर्मीहरूको टोलीले पहिरोको जोखिममा रहेका घरभित्रबाट सामान सारिरहेका छन्। पहिरोको त्रासका कारण न्युरोडबासी रातभर जाग्राम बसेका स्थानीय चिरञ्जिवी शर्माले बताउनुभयो। पहिरो प्रभावित घरका डेरामा बस्नेहरूलाई खानाको व्यवस्था मिलाएको बेनी नगरपालिका-८ का वडाध्यक्ष उत्तम कर्माचार्यले बताउनुभयो। पछिल्लो चार दिनयता पहिरोले जमिन चिरा पार्ने क्रम बढेकामा बुधबारदेखि पहिरो खस्न थालेको उहाँले बताउनुभयो। वडाध्यक्ष कर्माचार्यका अनुसार करिब ३०० मिटर उचाइ, ५०० मिटर चौडाइ र १०० मिटर लम्बाइमा खरबारी चिराचिरा परेर फुटेको छ। "पाखाका रुखहरू लडेका र ढल्किएका छन्। पानीको मुहान भएको ठाउँबाट सुरु भएको पहिरोले तल र माथि दुवैतर्फ असर गरेको छ। बेनी बजारमा खानेपानी आपूर्ति गराउने मुख्य पाइपलाइन पनि चुँडिएका र ठाउँठाउँमा भाँचिएका छन्," उहाँले भन्नुभयो। यो पहिरोले बेनीको न्युरोड र गणेशटोल क्षेत्रका करिब १०० घरलाई प्रभावित बनाउने जोखिम छ।

म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले पहिरो प्रभावित क्षेत्रको प्राविधिक अध्ययनका लागि तत्काल भूगर्भविद्को टोली पठाउन सम्बन्धित निकायमा पत्राचार गरिसकेको बताउनुभयो। भूगर्भविद्हरूको सुझावका आधारमा पहिरोको थप क्षति आकलन गर्न सकिने बताउँदै उहाँले सम्भावित जोखिम र क्षति हुन नदिनका लागि सावधानी अपनाउन बेनी बजारवासीलाई आग्रह गर्नुभयो।

# मनाङमा अलपत्र १६ पर्यटकको उद्धार

**पोखरापत्र संवाददाता**
मनाङ, १५ असोज

मनाङमा अलपत्र परेका १६ जना इन्डोनेसियाली पर्यटकलाई आज हेलिकप्टरबाट लमजुङ ल्याइएको छ। डाइनेस्टी हेलिकप्टरमार्फत उनीहरूलाई मनाङको निस्याङ गाउँपालिका-१, घताङ एग्रो क्षेत्रबाट लमजुङको बेँसीसहर नगरपालिका-७, सहजीमा ल्याइएको हो।

अन्नपूर्ण पदमार्गमा ट्रेकिङका लागि गएका उनीहरू असोज ८ देखि ११ गतेसम्म परेको निरन्तर वर्षाका कारण ठाउँठाउँमा पहिरो गएपछि घताङ एग्रो क्षेत्रमा अलपत्र परेका थिए। अलपत्र परेका पर्यटकलाई हेलिकप्टरमार्फत उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रमुख प्रहरी नायब उपरीक्षक जितेन्द्रबहादुर बस्नेतले बताउनुभयो। प्रहरीका अनुसार उद्धार गरिएका पर्यटकमा सिटी आलिया रहादियानी, आराफी अनुगेराह साप्त्रुदिन, सिटी अकिया नुरफद्‌ला, अजी बागुस सेतियावान, नाइरा हानिफफादिला नोअर बुदिमान, बेड्डी अगुस्टिना सुप्रियाटिन, मेटा अज जाह्रा पुत्री, मुहम्मद दिनी अकबर, मुहम्मद अल्लाम नाज्लिफा, एफअआरएल आरएलजेडकेएल, सिफा अलिफा युसुफ, मुहम्मद राफ्दी फौजान, मुमान, मुहम्मद खैरुदिन, बेला ग्रासेभा अमान्दा पुत्री र दिनी अब्दिलाह रहेका छन्। लमजुङ ल्याइएपछि उनीहरू ग१ज ३७४० र बा.प्र.०१-००७ ख १६८० नम्बरका सवार साधनमार्फत पोखरातर्फ प्रस्थान गरेका छन्।

प्रहरीका अनुसार लगातारको वर्षाका कारण अन्नपूर्ण पदमार्ग तथा बेँसीसहर-चामे सडक प्रभावित भएपछि पर्यटकको आवतजावतमा समस्या भएको थियो। सडक तथा पदमार्गको अवस्था सहज नभएपछि उनीहरूलाई हेलिकप्टरबाट उद्धार गरी लमजुङ ल्याइएको हो। उद्धारका क्रममा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी हवल्दार गुञ्जबहादुर बरामको कमाण्डमा चार जनाको टोलीसमेत परिचालन गरिएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

## सम्पादकीय

# कोरला नाका खोल्न सम्पूर्ण शक्ति लगाऊ

राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडक बाढीपहिरोले क्षतविक्षत बनेपछि चीनबाट दसैं-तिहार लक्षित सामान बोकेर आएका १५० भन्दा बढी कन्टेनर र करिब २०० विद्युतीय सवारी साधन (ईभी) बाटोमै रोकिएका छन् । भोटेकोसी वाढीले रसुवागढी नाका बन्द छ । गत वर्षको बाढीले तातोपानी नाकामा असर पुर्‍याएको थियो ।तातोपानी नाका बन्द छ । चीनसँग सिमा जोडिएका तीन नाका बन्द हुँदा कन्टेनर रोकिनु बजारमा सामानको अभाव देखिनु हो । कोरला नाका बजेट अघिसम्म संचालनमा थियो । विद्युतीय गाडी भित्र्याउने बेलासम्म संचालनमा रहेको कोरला नाका बन्द हुँदा व्यापारमा असर देखिन थालेको छ ।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार लोमान्थाङ गाउँपालिका-४ न्हेचुङस्थित भन्सार यार्डमा रोकिएका १५० भन्दा बढी कन्टेनरमध्ये ९० प्रतिशतको जाँचपास भइसकेको छ । , तल झर्न नसकेका १०० भन्दा बढी नयाँ विद्युतीय सवारी साधन पाँच दिनदेखि जोमसोम बसपार्कमा अलपत्र परेको सशस्त्र प्रहरी बल ३३ नं गुल्म जोमसोमले जनाएको छ । तातोपानी र रसुवागढी नाका पूर्ण रूपमा बन्द भएपछि एक मात्र वैकल्पिक मार्ग बनेको कोरला नाकाबाट मुस्ताङ भन्सारले दैनिक ३० करोड रुपैयाँभन्दा बढी राजस्व संकलन गर्दै आएको थियो। राम्ररी संचालनमा आएको नाका बन्द हुनु यश क्षेत्रको व्यापारमा असर पुग्नु हो । दुई वटा नाका बन्द हुँदा थला परेको हिमालय सिमापार व्यापारमा असर पुर्‍याउँछ ।

दसैं लक्षित तयारी पोशाक, फलफूल, दैनिक उपभोग्य वस्तु, इलेक्ट्रोनिक्स र गाडीहरू सडकमै रोकिँदा राज्यको राजस्व र चाडपर्वको बजार आपूर्ति दुवै नराम्ररी प्रभावित भएको छ । पाँच दिनदेखि अवरुद्ध जोमसोम-कोरला खण्डको पहिरो पन्छाएर बुधबारदेखि आवागमन सुचारु गरिएको छ । स्थानीय तह र सुरक्षा निकायको समन्वयमा माथिल्लो खण्ड खुलाइएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जानकारी दिएको छ । तर, तल्लो म्याग्दी खण्डको अवरोध भने अझै कायमै छ । बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख तेजस्वी शर्माका अनुसार मालढुङ्गादेखि कोरलासम्म ४६ स्थानमा बाढीपहिरोले क्षति पुर्‍याएको थियो ।

हाल मालढुङ्गा-गलेश्वर र दाना-कोरला खण्ड खुले पनि म्याग्दीको रघुगंगा, बैसरी र सिरुवारी क्षेत्र पूर्ण रूपमा क्षतिग्रस्त भएकाले मर्मत कार्य निकै चुनौतीपूर्ण बनेको छ । म्याग्दी खण्डअन्तर्गत तातोपानी-पोखरेबगर जोड्ने पक्की पुलको पहुँच मार्ग (एप्रोच) बाढीले बगाएको छ । खामभित्ता, जलथले, भीरकाँटे र महभीरमा सडक अवरुद्ध रहेकाले पर्याप्त उपकरण र जनशक्ति अभावका बीच सडक खुलाउन अझै केही समय लाग्ने भएको छ । सरकारको पाराले दशै तिहार चाडपर्वमा सामान अभाव हुनु महंगी बढ्नु हो।सरकारले सम्पूर्ण ध्यान कोरला लगायत अवरुद्ध सडक खुलाउन सम्पूर्ण शक्ति लगाउनु जरुरी छ ।

# घिरिङमा बाढीपहिरोले सात झोलुङ्गे पुल र बेलिब्रिजमा क्षति

पोखरापत्र संवाददाता
दमौली, १५ असोज

अविरल वर्षाका कारण आएको बाढी तथा पहिरोका कारण तनहुँको घिरिङ गाउँपालिकामा सात वटा झोलुङ्गे पुल र एक वटा बेलिब्रिजमा क्षति पुगेको छ । यस्तै, भिमाद-रामपुर सडकखण्ड प्रभावित भएको छ ।

बाढीपहिरोले गाउँपालिकाका विभिन्न स्थानमा भएको क्षतिको अवस्था बुझ्न जिल्ला सुरक्षा समितिको टोलीले बुधबार स्थलगत अनुगमन गरेको थियो । प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय तनहुँका प्रमुख प्रहरी उपरीक्षक टेकबहादुर कार्की, घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापालगायतको टोलीले क्षतिग्रस्त संरचनाको निरीक्षण गरेको हो ।

बाढीपहिरोका कारण पुल तथा सडकमा क्षति पुगेपछि स्थानीयवासीको आवागमनमा समस्या भएको छ । विशेषगरी झोलुङ्गे पुलमा भएको क्षतिले गाउँका विभिन्न बस्तीबीचको सम्पर्क प्रभावित भएको छ । बेलिब्रिज तथा सडकमा भएको क्षतिले यातायात सञ्चालनमा चुनौती थपिएको छ । टोलीले क्षतिग्रस्त संरचनाको स्थलगत अवलोकन गर्दै तत्काल गर्नुपर्ने व्यवस्थापन तथा पुनःनिर्माणका लागि गर्नुपर्ने आवश्यक समन्वयका बारेमा जानकारी लिएको थियो ।

यसै गरी घिरिङ गाउँपालिका र नवलपुरको बौदीकाली गाउँपालिका-डेढगाउँ जोड्ने पुलको स्थलगत निरीक्षण तथा नापजाँच गरिएको छ । कालीगण्डकीमा आएको भीषण बाढीले पुलको पहुँचमार्ग बगाएपछि उक्त मार्गमा यातायात सेवा पूर्ण रूपमा अवरुद्ध छ । पुल क्षतिग्रस्त भएपछि स्थानीयवासीलाई आवतजावतमा समस्या हुँदै आएको छ ।

घिरिङ गाउँपालिकाको समन्वयमा सडक विभाग, दमौलीँको प्राविधिक टोलीले क्षतिग्रस्त पुलको स्थलगत निरीक्षण तथा नापजाँच गरेको हो । सुरक्षाकर्मी तथा स्थानीय जनप्रतिनिधिको रोहवरमा प्राविधिक टोलीले पुलको अवस्थाबारे आवश्यक विवरण सङ्कलन गरेको गाउँपालिकाले जनाएको छ । घिरिङ गाउँपालिकाकी उपाध्यक्ष राधादेवी अधिकारीले सर्भे सम्पन्न भएसँगै तत्काल वैकल्पिक व्यवस्था तथा पुल पुनःनिर्माणको काम अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

# जोमसोम-कोरला सडक सञ्चालन

पोखरापत्र संवाददाता
मुस्ताङ, १५ असोज

वर्षाका कारण अवरुद्ध बनेको जोमसोम-कोरला खण्ड आजदेखि सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

कालीगण्डकी करिडोर, वारागुङ मुक्तिक्षेत्र, लोघेकर दामोदरकुण्ड गाउँपालिका र सुरक्षा निकायको पहलमा पहिरो पन्छाउने तथा सडक सफा गर्ने काम गरिएसँगै पाँच दिनपछि आवागमन सञ्चालन भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो ।

बेनी-जोमसोम-कोरला सडक आयोजनाका अनुसार पर्वत मालढुङ्गाबाट म्याग्दीको बेनीसम्म पाँच, बेनीबाट म्याग्दीको अन्नपूर्ण–३ रुप्सेसम्म २५ र मुस्ताङको काभ्रेभीरबाट कोरलानाकासम्म १६ स्थानमा बाढीपहिरो र नदी कटानले सडक अवरुद्ध भएको थियो । आयोजना प्रमुख तेजस्वी शर्माका अनुसार मालढुङ्गाबाट गलेश्वरसम्म र म्याग्दीको दानाबाट कोरलानाकासम्मको सडक मर्मतसम्भारपछि सञ्चालनमा आइसकेको छ ।

अवरुद्ध कोरलाको म्याग्दी खण्डको सडक मर्मत तथा स्तरोन्नति कार्य थप जटिल र चुनौतीपूर्ण रहेको आयोजना प्रमुख तेजश्वी शर्माले उल्लेख गर्नुभयो । भारी वर्षाका कारण आएको बाढीपहिरोले म्याग्दी रघुगङ्गाको सडक तथा बैसरी-१, २, ३ र सिरुवारी खण्ड पूर्ण रूपमा क्षतिग्रस्त भएको उहाँले जानकारी दिनुभयो । यसैगरी, म्याग्दी खण्डको तातोपानी-पोखरेबगर जोड्ने पक्की पुलको एप्रोज बाढीले बगाएको उहाँले जानकारी दिनुभयो ।

बाढीपहिरोले तातोपानी, खामभित्ता, जलथले, भीरकाँटे, महभीरलगायत स्थानका सडकमा क्षति पुर्‍याएकाले मर्मत गरी सञ्चालनमा ल्याउन केही समय लाग्ने उहाँले बताउनुभयो ।

सडक उपकरण र पर्याप्त जनशक्ति व्यवस्थापन गर्न समस्या भइरहेको उहाँको भनाइ छ ।

# त्रिपाठी परिवारमा शोक

पोखरापत्र संवाददाता
पोखरा, १५ असोज

पोखरा महानगरपालिका वडा न १३ हिमाली मार्ग निवासी अप्सरा त्रिपाठीको ७७ वर्षको उमेरमा निधन भएको छ ।

पेटसम्बन्धी समस्याका कारण उपचारका क्रममा मंगलबार उहाँको अस्पतालमा निधन भएको थियो । उहाँको निधनले परिवार, आफन्त तथा छरछिमेकमा शोक छाएको छ । सरल, मिलनसार र सामाजिक स्वभावकी अप्सरा परिवार तथा समुदायमा परिचित हुनुहुन्थ्यो । साथै हरेक भेटमा झल्किने मन्द मुस्कान र मिठो बोली नै उहाँको



आत्मीय पहिचान बनेको थियो ।

भारतको सिलाङ, मेघालयमा माता कलावती अधिकारी र पिता केशव अधिकारीको कोखबाट वि.सं. २००६ साल मंसिर २९ गते जन्मिनुभएकी उहाँको महेश्वर त्रिपाठीसँग वि.सं. २०२० साल माघ २६ गते विवाह भएको थियो । उहाँका चार छोरा, दुई छोरी, १३ नातिनी र दुई पनाति छन् । उहाँका छोराहरू क्रमश प्राध्यापक युवराज त्रिपाठी, लोकराज त्रिपाठी, गोपाल त्रिपाठी र डा. प्रविण त्रिपाठी तथा छोरीहरू चन्द्रकला भण्डारी र मीना न्यौपाने छन् । स्वर्गीय अप्सरा त्रिपाठीको बिहीबार बिहान पोखरास्थित रामघाटमा दाहसंस्कार गरिएको छ । दाहसंस्कारमासमाजसेवी,आफन्त, इष्टमित्र तथा शुभचिन्तकहरूको बाक्लो उपस्थिति रहेको थियो ।

# बन्दीपुर अस्पताल: अतिरिक्त समयमा ओपिडी सेवा लिने बढी

पोखरापत्र संवाददाता
दमौली, १५ असोज

तनहुँको बन्दीपुर अस्पतालमा नियमित समयभन्दा अतिरिक्त समयमा ओपिडी सेवा लिने सेवाग्राहीको सङ्ख्या बढी देखिएको छ ।

अस्पतालले गत भदौ महिनामा कुल सेवाग्राहीमध्ये ५४ दशमलब ६० प्रतिशतलाई अतिरिक्त समयमा ओपिडी सेवा प्रदान गरेको छ ।

सो महिनामा कुल दुई हजार ३१७ सेवाग्राहीले ओपिडी सेवा लिएका थिए । त्यसमध्ये एक हजार ५२ जनाले नियमित समयमा आएका थिए । एक हजार २६५ जनाले अतिरिक्त समयमा सेवा लिएको अस्पतालका प्रमुख डा अनिल गिरीले जानकारी दिनुभयो ।

अस्पतालले कर्मचारी, विद्यार्थी, ज्याला-मजदुरी गर्ने वर्ग, व्यापार-व्यवसायी तथा गृहिणीलाई लक्षित गर्दै विसं २०८२ वैशाख १ गतेदेखि विस्तारित समयमा निःशुल्क ओपिडी सेवा सञ्चालन गर्दै आएको छ ।

अस्पतालमा नियमित कार्यालय समयबाहेक बिहान र बेलुकी सेवा उपलब्ध हुँदै आएको छ । शनिबार, आइतबार तथा अन्य सार्वजनिक बिदाका दिन बिहान ७:०० देखि बेलुकी ७:०० बजेसम्म ओपिडी सेवा सञ्चालन हुने व्यवस्था गरिएको डा गिरीले बताउनुभयो ।

अस्पतालले विस्तारित ओपिडी सेवा सञ्चालन गर्नुको पछाडि कार्यालय समयमा अस्पताल आउन नसक्ने कर्मचारी, विद्यार्थी, मजदुर, व्यवसायी तथा गृहिणीलगायतका सेवाग्राहीलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउनु रहेको जनाएको छ । भदौ महिनाको तथ्याङ्कले विस्तारित ओपिडी सेवाप्रति सेवाग्राहीको आकर्षण बढेको देखाएको छ । विशेषगरी बिहानको समय तथा कार्यालय समयपछि अस्पताल पुग्ने सेवाग्राहीका लागि अतिरिक्त ओपीडी सेवा उपयोगी बनेको डा गिरीको भनाइ छ ।

डा गिरीले भन्नुभयो, "विस्तारित समयसहितको निःशुल्क ओपिडी सेवाले ग्रामीण क्षेत्रका सर्वसाधारणलाई स्वास्थ्य सेवा पहुँचमा ठूलो राहत दिएको छ । विशेषगरी कार्यालय समयभन्दा अघिपछि सेवा उपलब्ध हुँदा उपचारमा ढिलाइ हुने समस्या घटेको र अस्पतालप्रतिको विश्वास बढेको देखिएको छ ।"

## एउटै व्यक्ति भएको सूचना

गण्डकी प्रदेश तनहुँ जिल्ला साविक चोकचिसापानी गा.वि.स. वडा न. २ हाल भानु न.पा. वडा न.१० बस्ने भारतीय भु.पु.सै.न. ५०३८७८१ नायक



मिस डि ए सी का टिकाराम घलेको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नाम थर रिता देवी मात्र भएको र नेपाली नागरिकता प्रमाणपत्रमा नामथर रिता देवी घले भएको साथै भारतीय पेन्सन अभिलेखमा जन्म मिति 6 May 1961AD वि.स. 2018-1-24 रहेको र नेपाली नागरिकता मा जन्म मिति 7Sep 1965 AD वि.स. 2022-5-22 BS भई नाम थर र जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको सोही वडा कार्यालयको च.नं. १८६ मिति २०८३/०५/२४ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : मानसिक तनाब |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : कार्यमा सफलता | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## श्री सैनिक आवासीय महाविद्यालय
## फूलबारी, पोखरा

## चमेना क्याण्टिन संचालनको लागि शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

(तेस्रो पटक प्रकाशित मिति २०८३/०६/१६ गते)

१. यस महाविद्यालयको लागि चमेना क्याण्टिन संचालन गर्नुपर्ने भएको हुँदा ईच्छुक योग्य दरभाउपत्रदाताहरुको लागि यसै सूचनाद्वारा यो शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

| सि. नं. | सूचना नं. | विवरण | पेश गर्नुपर्ने दरभाउपत्र जमानत | फाराम दस्तुर ने.रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति, स्थान र समय | दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | NAWF/SAMV/CANTEEN/BKT/083/84/2 | चमेना क्यान्टिन | रु. ५०,०००।- | १०००।- | २०८३/०६/२२ गते सैनिक आवासिय महाविद्यालय पोखरा कार्यालय समयभित्र | २०८३/०६/२३ गते १२:०० बजेसम्म | २०८३/०६/२३ गते १३:०० बजे |

२. दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट खोल्ने मिति कायम हुनेछ । थप जानकारीको लागि श्री सैनिक आवासीय महाबिद्यालय, पोखरा फोन नं: ०६१-५७७७४६ ।

३. माथि उल्लेखित दरभाउपत्र (बुकलेट) शिलबन्दी गरी पेस गर्नु पर्नेछ ।

४. कुनै वा सबै दरभाउपत्र, पूर्ण वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने अधिकार महाविद्यालयमा निहित रहनेछ ।

५. उल्लेख भएअनुसार बोलपत्र दस्तुर र धरौटी बुझाउनु हुन :
(क) बैंकको नामः हिमालयन बैंक लिमिटेड, पोखरा (ख) धरौटी खाता नं. ०१६०२४९५८३००२४
(ग) खाता संचालकको नामः सैनिक आवासीय महाविद्यालय, पोखरा ।

६. दरभाउपत्र खरिद गर्न आउँदा दरभाउपत्र दस्तुर तोकिएको खातामा जम्मा गरि सक्कलै भौचर लिई आउनु पर्ने र दरभाउपत्र जमानत दाखिला भौचर दरभाउपत्र सम्बन्धी कागजादमा समावेश गरि पेश गर्नु पर्नेछ ।

# बाढीपहिरोले क्षति पुऱ्याएको बेनी–जोमसोम सडक मर्मत सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, १५ असोज

पछिल्लो झरीपछिको बाढी पहिरोका कारण क्षति पुगेको म्याग्दीको सदरमुकाम बेनीदेखि पर्यटकीय जिल्ला मुस्ताङ जोड्ने बेनी-जोमसोम सडक मर्मत थालिएको छ।

बेनी-जोमसोम कोरला सडक योजनाले जोमसोम र बेनीतर्फबाट सडक मर्मत थालेको हो । आयोजना प्रमुख तेजश्वी शर्माले जोमसोमदेखि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-२ नागढुङ्गासम्म सडक मर्मत भइसकेको जानकारी दिनुभयो।

“कालीगण्डकी नदीको कटान, बाढी र पहिरोले २०२ किलोमिटर दूरीको बेनी-जोमसोम-कोरला सडकको ४६ ठाउँमा क्षति पुगेको छ”, उहाँले भन्नुभयो, “मालढुङ्गादेखि बेनी हुँदै गलेश्वरसम्म र जोमसोमदेखि दाना हुँदै नागढुङ्गासम्म मर्मत भई यातायातका साधन सञ्चालन हुन थालेका छन्।”

रघुगङ्गा गाउँपालिका-३ तिल्केनीचौरदेखि अन्नपूर्ण गाउँपालिकाको भुरुङ-तातोपानी खण्डको सडक मर्मतका लागि स्थानीयस्तरमा उपलब्ध सडक विभाग, जलविद्युत आयोजना र निर्माण व्यवसायीको उपकरण र मजदुर परिचालन गरिएको छ।

असोज ११ गते कालीगण्डकी बाढीले पोखरेबगरमा बगाएको सडक पुलको पहुँचमार्ग मर्मत कार्य पनि आजदेखि सुरु गरिने आयोजना प्रमुख शर्माले बताउनुभयो । बेनी-जोमसोम सडक अवरुद्ध हुँदा रसुवा र तातोपानी नाकाको विकल्पका रुपमा चीनसँगको व्यापारिक नाका कोरलासँगको यातायात सम्पर्क टुटेको छ।

कोरला नाकामा सामान लिन गएका सयौँ कन्टेनर मुस्ताङमै रोकिएका छन् । मुस्ताङ र म्याग्दीको अन्नपूर्ण तथा रघुगङ्गा गाउँपालिकासँग यातायात सम्पर्कबिच्छेद भएको छ। मुस्ताङमा उत्पादन भएको स्याउ, आलु बजार पठाउन सकिएको छैन । दसैँका लागि भेडाच्याङ्ग्रा बजारमा बिक्रीका लागि लैजान समस्या भएको छ । पर्यटकीय गतिविधि ठप्प बनेको छ । बाढीपहिरो प्रभावित क्षेत्रमा राहत सामग्री पुऱ्याउन, जटिल प्रकृतिका बिरामीलाई अस्पताल पुग्न हेलिकप्टरको साहरा लिनुपरेको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताउनुभयो।

कटिङ, फिलिङ, डाइभर्सन, नयाँ मार्ग खोल्ने विकल्प अपनाएर सडक खुलाउने प्रयास गरिएको छ। तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको विद्युत्गृह परिसरमा सडक खुलाउन चुनौती देखिएको छ । यसअघि सडक भएको ठाउँमा कालीगण्डकीले कटान गरेर आयोजनाको स्वीचयार्ड नजिकैबाट नदी बगेको छ।

सडक खुलाउनका लागि स्वीचयार्डका प्रयोगमा नरहेका वैकल्पिक रुपमा रहेका दुई वटा टावर हटाउनुपर्ने भएको छ । टावर हटाउनका लागि राहुघाटको प्रवर्द्धक रघुगङ्गा हाइड्रोपावरको सञ्चालक नेपाल विद्युत् प्राधिकरणलाई पत्राचार गरिएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो । सडक मर्मतका लागि इन्धन आपूर्तिलाई पनि सहज बनाउने प्रयास गरिएको उहाँले बताउनुभयो।

# बाढीले घर डुबायो, आनन्दबगरवासीलाई थातथलो छाड्ने चिन्ता

सन्तोष गौतम
म्याग्दी, १५ असोज



बेनी नगरपालिका-१ आनन्दबगरका रुद्रबहादुर थापाले लत्ताकपडा, भाँडाकुँडा र खाद्यान्न खेतमा तरकारी खेती गर्न बनाइएको प्लास्टिक थुपार्नुभएको छ। घरभित्र पसेको बाढीको हिलो पन्छाउँदै बचेका सामान घाममा सुकाउनु उहाँको पछिल्लो चार दिनयताको दैनिकी बनेको छ।

कालीगण्डकीमा यही असोज ११ गते आएको बाढीले आनन्दबगरका आठ वटा घरभित्रै पसेर ठूलो क्षति पुऱ्यायो । बाढीले केही सामान बगायो भने बाँकी सामान हिलाम्मे भएका छन्। भिजेका छन्। चार दिन बितिसक्दा पनि घरभित्रका सामान निकालेर सफा गर्ने काम सकिएको छैन । “तीन भाइका सँगै रहेका तीन वटा घरको आधा तलासम्म बाढी पसेको थियो,” रुद्रबहादुरले भन्नुभयो, “केही सामान बगायो । बचेका सामान खोजेर सरसफाइ र संरक्षण गर्ने काम चार दिनसम्म पनि सकिएको छैन। अब कहाँ बस्ने भन्ने टुङ्गो छैन ।” व्यावसायिक तरकारी खेती गर्दै आउनुभएका रुद्रबहादुरको समय अहिले खेतमा भन्दा बाढीले क्षति पुऱ्याएको घर र सामान व्यवस्थापनमै बितिरहेको छ । कालीगण्डकीमा फेरि बाढी आउने त्रासले साँझ आफन्तको घरमा गएर सुत्ने र बिहान आनन्दबगर फर्किएर घरभित्रको हिलो पन्छाउने उहाँको दिनचर्या बनेको छ । रुद्रबहादुरको जस्तै पीडा भोजबहादुर जिसी, पम्मी जिसी, सविना जिसी र मानबहादुर खत्रीलगायत आनन्दबगरवासीको पनि छ। नदी किनारदेखि करिब २० मिटर दूरीमा रहेको बस्तीमा यसअघि यसरी बाढी पसेको आफूलाई थाहा नभएको ६० वर्षीया कमला जिसी बताउनुहुन्छ । “कालीगण्डकीमा मैले थाहा पाएदेखिकै ठूलो बाढी आयो,” उहाँले भन्नुभयो, “बाढीले भिजाएका सामान त धोइपखाली गरौँला तर बस्ती नै छोडेर जानुपर्ने अवस्था आउला भन्ने चिन्ताले सताएको छ।” जीवनभरको मेहनत खर्चिएर बनाएको घर बाढीले पुरिएर बस्नै नमिल्ने अवस्थामा पुगेपछि कमलाको मन खिन्न छ । घरमा भएका खाद्यान्न पनि बाढीले बगाएपछि उहाँको परिवारलाई बाससँगै गासको चिन्ता थपिएको छ।

रातको त्रास

आनन्दबगरका ८० वर्षीय कालुमान थापाका लागि यसपटकको बाढी जीवनभरको सम्झनामा रहेको मध्यको सबैभन्दा ठूलो हो । कालीगण्डकीको बाढी तटबन्ध र सडक नाघेर घरभित्र पसेपछि उहाँले भागेर ज्यान जोगाउनुभयो। “बेनीमा रहेका आफन्तले फोन गरेर बाढी आएको जानकारी गराए,” उहाँले भन्नुभयो, “राति करिब १२:०० बजेको थियो। त्यसपछि भागेर ज्यान बचाउन सफल भयौँ।” अहिले पनि कालीगण्डकीको बहाव बढेको देख्दा स्थानीयवासी तर्सिन्छन्। दिनभर घर सफा र सामान व्यवस्थापन गरे पनि राति आफ्नै घरमा सुरक्षित भएर सुत्न सकिने अवस्था नरहेको उनीहरूको गुनासो छ।

तरकारी खेतीबाट आत्मनिर्भर बनेको बस्ती

मालढुङ्गा-बेनी सडक निर्माण हुनुअघि बागलुङ र पर्वततर्फबाट म्याग्दी आवतजावत गर्ने मानिसले आनन्दबगरको पदमार्ग प्रयोग गर्थे । सडक विस्तार भएपछि भने यहाँका बासिन्दाले व्यावसायिक तरकारी खेतीलाई आम्दानीको मुख्य माध्यम बनाएका थिए । सानो क्षेत्रफलमा तरकारी खेती गरेर स्थानीय बजारमा बिक्री गर्ने रुद्रबहादुरसहितका किसान स्वरोजगार र आत्मनिर्भर बन्दै आएका थिए तर अहिले बाढीले घरसँगै घरवरपरका करेसाबारीमा लगाएको तरकारी बालीमा क्षति पुऱ्याएको छ। बाढीले आनन्दबगरको खेलमैदान पुरेको छ । बेनीबाट आनन्दबगर जोड्ने सडक पहिरोका कारण क्षतिग्रस्त बनेको छ। खानेपानीको संरचनामा क्षति पुगेपछि स्थानीयवासीलाई थप समस्या भएको छ। आनन्दबगरको माथिल्लो बस्ती भने दुई वर्षअघि कालीगण्डकी नदी किनारमा निर्माण गरिएको पक्की पर्खालका कारण बाढी र कटानबाट जोगिएको स्थानीयवासी लालबहादुर थापाले बताउनुभयो। नदी किनारको बस्ती संरक्षणका लागि दीर्घकालीन संरचना निर्माण गर्नुपर्ने उनीहरूको माग छ। “आनन्दबगरलाई तटबन्ध गरेर सुरक्षित र बस्नयोग्य बस्ती बनाउनुपर्छ,” स्थानीयवासी सविना जिसीले भन्नुभयो, “अहिले घरमा बस्न सकिने अवस्था छैन। बाढीको त्रास पनि उस्तै छ।”

राहतसँगै दीर्घकालीन संरक्षणको माग

बेनी नगरपालिका-१ का वडाध्यक्ष टेकबहादुर थापाले पछिल्लो वर्षापछि आएको बाढीले वडाभित्र सबैभन्दा ठूलो क्षति आनन्दबगरमा भएको बताउनुभयो। उहाँका अनुसार सिममा एउटा र अर्जममा दुई वटा घरमा क्षति पुगेको छ । बाढीपहिरो प्रभावित परिवारलाई खाद्यान्नलगायत राहत सामग्री उपलब्ध गराइएको उहाँले बताउनुभयो । खानेपानी आपूर्ति सहज बनाउन नगरपालिकामा पहल भइरहेको र दीर्घकालीन रूपमा बस्ती संरक्षणका लागि सङ्घीय सरकारको सहयोग आवश्यक रहेको उहाँको भनाइ छ । “आनन्दबगरमा अल्पकालीन राहतको व्यवस्था मिलाएका छौँ । खानेपानीको समस्या समाधान गर्न पहल गर्छौं,” वडाध्यक्ष थापाले भन्नुभयो, “दीर्घकालीन रूपमा बस्तीलाई सुरक्षित बनाउन तटबन्धलगायत संरचना निर्माणका लागि सङ्घीय सरकारको सहयोग आवश्यक छ ।” कालीगण्डकीको किनारमा रहेको आनन्दबगरले केही वर्षयता व्यावसायिक तरकारी खेतीबाट आफ्नो पहिचान बनाउँदै आएको थियो तर बाढीले यहाँका परिवारको घर, खाद्यान्न, खेतीपाती र भविष्यप्रतिको भरोसामा नै क्षति पुऱ्याएको छ । बाढीपछि घरको आँगनमा थुप्रिएको हिलो, खेतमा पुरिएको तरकारी र प्लास्टिक घरभित्र थुपारिएका घरायसी सामानले आनन्दबगरवासीको बदलिएको दैनिकी देखाउँछन् । उनीहरूको अहिलेको प्राथमिकता बाढीले बगाउन बाँकी रहेका सामान जोगाउनु र सुरक्षित बासको खोजी गर्नु बनेको छ। दीर्घकालीन रूपमा बस्ती संरक्षण नभए कालीगण्डकीको किनारमा पुस्तौँदेखि बस्दै आएका परिवारलाई आफ्नो थातथलो छाड्नुपर्ने अवस्था आउन सक्ने चिन्ता बढेको छ।

# वन व्यवस्थापनबाट तनहुँमा तीन हजार ३३४ क्युफिट काठ उत्पादन

पोखरापत्र संवाददाता
दमौली, १५ असोज

तनहुँमा सामुदायिक वनको वैज्ञानिक तथा व्यवस्थित वन व्यवस्थापनमार्फत तीन हजार ३३४ क्युफिट काठ उत्पादन गरिएको छ।

वन व्यवस्थापनका क्रममा साल, कटुस तथा चिलाउनेलगायत प्रजातिका रूख कटान गरी काठसँगै दाउरा पनि उत्पादन गरिएको हो। डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटले जिल्लाका विभिन्न सामुदायिक वनमा वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरी काठ तथा दाउरा उत्पादन गरिएको बताउनुभयो । वनको अवस्था, उमेर, घनत्व तथा व्यवस्थापन योजनाका आधारमा रूख हटाएर वनको पुनरुत्पादन र उत्पादकत्व कायम गर्ने उद्देश्यले व्यवस्थापन गरिएको उहाँले जानकारी दिनुभयो । रानाभाटका अनुसार शुक्लागण्डकी नगरपालिका-९ स्थित ढोरबाराही सामुदायिक वनबाट १३० क्युफिट सालको काठ र दुई दशमलव पाँच चट्टा दाउरा उत्पादन भएको छ। त्यस्तै, भानु नगरपालिका-७ स्थित थानीमाई सामुदायिक वनबाट ४३१ दशमलव २६ क्युफिट सालको काठ तथा दुई दशमलव ५५ चट्टा दाउरा उत्पादन गरिएको छ।

ऋषिङ गाउँपालिका-४ स्थित गुम्लेक सामुदायिक वनबाट साल, कटुस र चिलाउने प्रजातिका गरी २०० क्युफिट काठ तथा दुई चट्टा दाउरा उत्पादन भएको छ । बन्दीपुर गाउँपालिका-१ स्थित छपेली सामुदायिक वनबाट ७० क्युफिट सालको काठ र छ चट्टा दाउरा उत्पादन गरिएको कार्यालयले जनाएको छ।

यसैगरी, म्याग्दे गाउँपालिका-१ स्थित टुनीभञ्ज्याङ सामुदायिक वनबाट साल र चिलाउने प्रजातिका ५३५ क्युफिट काठ तथा तीन चट्टा दाउरा उत्पादन भएको छ। व्यास नगरपालिका-२, ३ र ४ मा पर्ने बाघभञ्ज्याङ सामुदायिक वनबाट ११८ क्युफिट सालको काठ र दुई चट्टा दाउरा उत्पादन गरिएको छ।

घिरिङ गाउँपालिका-१ स्थित नीलकण्ठ सामुदायिक वनबाट १५० क्युफिट सालको काठ तथा एक दहमलव पाँच चट्टा दाउरा उत्पादन भएको छ । जिल्लामै सबैभन्दा बढी काठ देवघाट गाउँपालिका-५ स्थित साँढेबगर सामुदायिक वनबाट उत्पादन भएको छ । उक्त वनबाट एक हजार ७०० क्युफिट सालको काठ तथा तीन चट्टा दाउरा उत्पादन गरिएको डिभिजन वन कार्यालयले जनाएको छ।

कार्यालयका अनुसार यी सामुदायिक वनबाट उत्पादित काठको परिमाणमा साँढेबगर सामुदायिक वनको हिस्सा मात्रै आधाभन्दा बढी रहेको छ। वन व्यवस्थापनका क्रममा उत्पादित काठ तथा दाउरालाई प्रचलित कानुन तथा सामुदायिक वनको कार्ययोजनाअनुसार व्यवस्थापन तथा उपयोग गरिने जनाइएको छ। डिभिजन वन कार्यालयले वन व्यवस्थापनलाई केवल रूख कटानका रूपमा नभई वनको स्वास्थ्य सुधार, पुराना तथा रोगी रूख हटाउने, नयाँ बिरुवाको वृद्धि प्रवर्द्धन गर्ने र वनबाट प्राप्त स्रोतलाई स्थानीय उपभोक्ताको आवश्यकतासँग जोड्ने प्रक्रियाका रूपमा अघि बढाउँदै आएको जनाएको छ । वन व्यवस्थापनबाट प्राप्त काठ स्थानीय उपभोक्ताको घरायसी तथा आवश्यकताअनुसार उपयोग गर्न सकिने भएकाले यसले वन स्रोतको दिगो उपयोगमा सहयोग पुग्ने कार्यालय प्रमुख रानाभाटले बताउनुभयो।

# एक महिनामा ८८ हजार विदेशी पर्यटक भित्रिए

रासस
काठमाडौं, १५ असोज

सन् २०२६ को सेप्टेम्बर महिनामा ८८ हजार २४८ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डका अनुसार दक्षिण एसियाबाट मात्र सेप्टेम्बरमा ३० हजार ८५ पर्यटक नेपाल आएका हुन् । नेपाल आउने पर्यटकमध्ये सबैभन्दा धेरै भारतीय पर्यटक रहेका छन् । बोर्डका अनुसार सेप्टेम्बरमा १७ हजार ४२५ भारतीय पर्यटक नेपाल भित्रिएका छन् । यसबाहेक श्रीलङ्काबाट सात हजार १०८, बङ्गलादेशबाट तीन हजार ९६४, भुटानबाट एक हजार १११, पाकिस्तानबाट ४२९, माल्दिभ्सबाट ४८ र अफगानीस्तानबाट आठ पर्यटक नेपाल भित्रिएका छन् ।

अन्य एसियाली मुलुकबाट १९ हजार ८८८ पर्यटक नेपाल आएका छन् । चीनबाट ११ हजार २१२, जापानबाट दुई हजार ६६, दक्षिण कोरियाबाट एक हजार ४१२, थाइल्याण्डबाट ६०१ र भियतनामबाट ६३७ पर्यटक नेपाल भित्रिएका हुन् । युरोपेली मुलुकबाट १५ हजार १४८, ओसियाना मुलुकबाट पाँच हजार ४२२, अमेरिकी मुलुकबाट १० हजार १०७, मध्यपूर्व क्षेत्रबाट दुई हजार ६०६ र अफ्रिकाबाट चार हजार ५६८ पर्यटक नेपाल भित्रिएका छन् ।


## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २७ निवासी भारतीय भु.पु.सै.नं.५३४३६८६N का हवल्दार वजिर गुरुङको माग निवेदन अनुसार निजको श्रीमती ना.प्र.नं. १३४७५२ को नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सुमित्रा देवी गुरुङ र जन्ममिति वि.सं. २०२०।०६।१० (ई.सं. १९६३।०९।२६) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर सुभित्रा देवी (Suvitra Devi) र जन्ममिति ई.सं.१९६४।०९।२६ उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक नामथर र जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २७ नं. वडा कार्यालयको च.नं.११७३ मिति २०८३। ०६।१४ को सिफारिस पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनको लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला राइनास नगरपालिका वडा नं. ८ साविक तार्कुघाट गा.वि.स. वडा नं.०६ निवासी भारतीय भू.पू. सैनिक नं. ५८४४८९८N ५/९ जि.आर.का कृष्ण वहादुर थापा (नागरिकतामा कृष्ण वहादुर विश्वकर्मा) को श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं.१७५९६) मा नामथर सूर्य कुमारी सुनार र जन्ममिति वि.स. २०२०/१२/१० (23-03-1964 AD) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर सुरजे कुमारी र जन्ममिति वि.सं. २०२१/०१/१५ (27-04-1964 AD) उल्लेख भई नामथर र जन्ममिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्ममिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको व्यहोरा राइनास नगरपालिका ८ नं. वडा कार्यालयको च.नं.२२२, मिति २०८३/०६/१३ को सिफारिस बमोजिम सोहि व्यहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १३ निवासी भारतिय भु.पु.नं. ६२३३६०ए. का हनेरी ल्याप्टेन याम बहादुर रोकाको श्रीमतीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर ढाल कुमारी पाठक जन्ममिति २०१९/०७/२८ र भारतिय पेन्सन डकुमेन्टमा नामथर ढाल कुमारी रोका जन्ममिति इ.सं. २७-११-१९६४ (२०२१/८/१२) भएता पनि व्यक्ति एउटै भएको भनी बागलुङ नगरपालिका १३ नं. वडा कार्यालय बागलुङको च.नं. ९५३ मिति २०७५/२/०७ को पत्रबाट लेखी आएकोले सोही व्यहोरा प्रमाणित गरिन्छ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा बिरुवा गाउँपालिका वडा नं. ०८ निवासी भारतीय भु.पु.सै.नं. 5756379H LNK (MACP HAV) 3/8 GR गोविन्द बहादुर रानाको श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपसिल बमोजिमको जन्म मिति फरक परेकोले फरक फरक जन्म मिति भएतापनि एउटै व्यक्ति भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. १७५ मिति २०८३।०६।१५ को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यवहोरा सिफारिस गरिन्छ।

| क्र.सं. | ना.प्र.मा नामथर | ना.प्र.मा जन्ममिति | सैनिक अभिलेखमा जन्म मिति | नाता |
|---|---|---|---|---|
| १. | राम माया राना | २०३९/१०/०९ 23-01-1983 A.D. | २०३८/१०/१० 23-01-1982 A.D. | श्रीमती |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना



जिल्ला स्याङ्जा बिरुवा गाउँपालिका वडा नं. ०८ निवासी भारतीय भु.पु.सै.नं. 5746368 H HAV रेमान सिं रानाको श्रीमतीको ना.प्र.मा र सैनिक अभिलेखमा तपसिल बमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. १७४ मिति २०८३।०६।१५ को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यवहोरा सिफारिस गरिन्छ।

| क्र. सं. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्ममिति | सैनिक अभिलेखमा जन्म मिति |
|---|---|---|---|---|---|
| १. | होमा राना मगर | हेमा कुमारी राना | श्रीमती | २०१२/०२/१२ 26-05-1955 A.D. | २०१३/१२/१९ 01-04-1957 A.D. |

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**